# जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कानुनी व्यवस्था र प्रक्रिया

## (जानकारी पुस्तिका)

२०७२

नेपाल सरकार
राष्ट्रिय दलित आयोग
जावलाखेल, ललितपुर, नेपाल

Empowered lives.
Resilient nations.
कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सवलीकरण कार्यक्रम / UNDP

**प्रकाशक:**

कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली
सवलिकरण कार्यक्रम/UNDP

सानेपा, ललितपुर

फोन : ९७७-१-५५५२३४, ५५५२३९, ५०१२६१३

© प्रकाशकमा

वितरण : नि:शुल्क

प्रकाशन प्रति : ...............

संस्करण : प्रथम संस्करण २०७२

मुद्रक :

**प्रविधिक सहयोग :**

समुन्नत नेपाल

अनामनगर, काठमाडौँ

फोन : ०१-४१०२६३१

email: info@samunnatnepal.org

web: www.samunnatnepal.org

## १. हामी र हाम्रो समाज

हाम्रो देशमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्छन् । सबै जातजाति, भाषा, धर्म, संस्कृति, रीतिरिवाज मिलेर हाम्रो समाज बनेको छ । यसरी बनेको समाजमा हामी एक अर्कामा निर्भर छौँ । एक अर्काको भाषा, धर्म, संस्कृतिको सम्मान गर्नु हामी सबैको कर्तव्य हो ।



तर हाम्रो समाजमा थरिथरिका जातीय भेदभाव, छुवाछुत, अन्धविश्वास, थिचोमिचो, कुरिती, अन्याय र अत्याचार जस्ता व्यवहारहरू समाजबाट अझै पनि हट्न सकेको छैन ।




यस्ता खराब भेदभावपूर्ण व्यवहार गर्नु कानुनी रूपमा अपराध हो । जातीय भेदभाव तथा छुवाछुत जस्ता व्यवहारहरू समाजका कलङ्क हुन् । त्यसैले समाजमा हुने यस्ता अपराधपूर्ण घटनाको उन्मुलन, नियन्त्रण र रोकथामका लागि राज्यले कानुन बनाएको हुन्छ । नेपालमा २०७२ को संविधानले जातीय भेदभाव तथा छुवाछुतविरुद्धको हकअन्तर्गत सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्यलाई गम्भीर सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुने सुनिश्चित गरेको छ ।

राज्यले बनाएको कानुन हामी सबैले थाहा पाउनुपर्छ । कानुनको कुरा थाहा छैन भन्दैमा कसैले पनि छुट पाउँदैन । कानुनका कुरा बुझाउने पहिलो काम सरकारको हो । साथै सामाजिक परिवर्तनका लागि विभिन्न सङ्घ संस्थाहरू पनि यस कार्यमा क्रियाशील छन् ।



हामीमध्ये धेरैले आफ्नो हक र अधिकार सम्बन्धी कस्ता कानुनहरू बनेका छन् ? सबै थाहा पाएका छैनौँ। थाहा पाइहाले पनि कहाँ जाने, कसरी जाने, कहिले जाने, के भन्नुपर्छ र के गर्नुपर्छ भन्ने प्रश्नहरूमा अलमलिने गर्छौं। जसले गर्दा हामी अन्यायमा परेको थाहा पाउँदा पाउँदै पनि सहेर बसेका हुन्छौं।





जातीय भेदभाव तथा छुवाछुत सधैँका लागि अन्त्य गर्न हाम्रो देशमा कानुनी व्यवस्था छ। त्यो कानुनको नाम जातीय भेदभाव तथा छुवाछुत (कसुर तथा सजाय) ऐन, २०६८ हो। यस कानुनमा जातीय भेदभाव तथा छुवाछुत गरेमा कहाँ जाने, के गर्ने, कहिले जाने, अन्याय गर्नेलाई कस्तो सजायको व्यवस्था छ भन्ने स्पष्ट रूपमा उल्लेख गरेको छ। यिनै कानुनी कुरा बुझ्न सहज होस् भनेर यो जानकारी पुस्तिका तयार गरिएको हो।

हाम्रो देशको कानुनले जातीय भेदभाव तथा छुवाछुतलाई गम्भीर अपराध मानेको छ । त्यसैले यस्ता मुद्दाहरूमा सरकार आफैँले अन्यायमा परेकालाई न्याय दिलाउन मुद्दा लडिदिने गर्छ । अन्यायमा पर्नेले खर्च गर्नु पर्दैन । घटनाको अनुसन्धान गर्ने, मुद्दा तयार गरी अदालतमा पेस गर्ने, बहस गर्ने जस्ता सम्पूर्ण कार्य सरकारी तवरबाट गरिदिने व्यवस्था छ ।





## २. जातीय भेदभाव तथा छुवाछुत







अस्ति तल्ला घरे कान्छा दाइले वृष बहादुर दाइलाई सानो जातको भनी गाली र खिसी गर्नुभयो । यसो गर्न पाइन्छ त दिदी ?
अहँ पाइँदैन ! त्यस्तो व्यवहार त जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी अपराधभित्र पर्छन् ।
जातीय भेदभाव तथा छुवाछुतअन्तर्गत अरू कस्ता व्यवहार पर्छन् दिदी ?
जातकै कारण कसैलाई कुनै व्यवसाय गर्न बाध्य पार्ने वा चिया पसल, होटल जस्ता कुनै खास व्यवसाय गर्न नदिने व्यवहार यसअन्तर्गत पर्छन् । यस्तै जातकै आधारमा कुनै खास वस्तु उत्पादन तथा बिक्री गर्न नदिनु र त्यस्ता वस्तु खास जातिलाई मात्र बेच्नु पनि कानुन विपरीतको काम हो ।
जातकै आधारमा सरस्वती दिदीलाई साहुले उनको पसलमा काम दिन मानेनन् अरे, यसो गर्न मिल्छ ?
मिल्दैन । जातका आधारमा दैनिक काम तथा रोजगारीमा नलगाउनु, कामबाट निकाल्नु, ज्यालामा फरक गर्नु यी सबै अपराध हुन् ।




जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले जातीय भेदभाव तथा छुवाछुत भन्नाले जातका आधारमा कसैले कसैलाई गर्ने भेदभाव सहितको व्यवहार भनेको छ । यस ऐनको दफा ४ मा कस्ता कस्ता भेदभावजन्य व्यवहारहरू हुन् भनी १३ ओटा बुँदामा प्रस्ट रूपमा दिएको छ ।

**जातीय भेदभाव तथा छुवाछुत अमानवीय र निन्दनीय व्यवहार हो ।**


## ३. हाम्रो संवैधानिक व्यवस्था

आदरणीय आमा, बुबा, दाजु, भाई, दिदी तथा बहिनीहरूमा मेरो नमस्कार छ । यहाँहरूले हामी र हाम्रो समाज कसरी मिलेर बसेको छ, समाजमा कस्ता जातीय भेदभाव तथा छुवाछुतका कसरहरू अझै पनि छँदैछन् भन्ने सम्बन्धमा जानकारी पाइसक्नुभयो । त्यस सम्बन्धी ऐनका बारेमा पनि थाहा पाउनु भयो । अब म नेपालको संविधान २०७२ मा यस सम्बन्धी भएको व्यवस्थाका बारेमा छोटो जानकारी गराउँछु ।



नेपालको संविधान २०७२ ले जातीय भेदभाव तथा छुवाछुतलाई गम्भीर सामाजिक अपराध मानेको छ । कानुनबमोजिम कसुदारलाई सजाय र पीडितलाई क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ । कुनै पनि व्यक्तिलाई उसको जन्म, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कहींपनि कुनै प्रकारको छुवाछुत वा भेदभाव गर्न पाईंदैन । जातकै आधारमा कसैलाई कुनै खास वस्तु उत्पादन र बिक्री गर्नबाट रोक लगाउन पाइँदैन । यस्तै सेवा वा सुविधा उपभोग गर्न रोक लगाउन पाइँदैन । कसैले जन्म, जातजाति वा शारीरिक अवस्थाका आधारमा कसैलाई उच्च वा निच दर्शाउने व्यवहार गर्न पाइँदैन । जातजाति वा छुवाछुतका आधारमा सामाजिक

**जातीय भेदभाव तथा छुवाछुत सम्बन्धमा संविधानमा भएको व्यवस्था व्यवहारमा ल्याउन सहयोग पुऱ्याउनु हामी सबैको दायित्व हो ।**





भेदभावलाई ठिक ठान्ने वा छुवाछुत गर्ने अथवा जातीय उच्चता वा घृणालाई बढावा पुग्ने कुराहरू गर्न गराउन पाइँदैन ।

संविधानमा भएका उक्त व्यवस्थाले जातीय भेदभाव तथा छुवाछुतलाई पूर्ण रूपमा अन्त्य गर्न सक्छ । यसका लागि हामी सबैले एकजुट भएर ती कुराहरूलाई व्यवहारमा ल्याउन सहयोग गर्नुपर्छ । यहाँहरू सबैलाई धेरै धेरै धन्यवाद ।

## ४. जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८

### अनारी हरिजनले न्याय पाइन्

अनारी हरिजन रुपेन्देही जिल्ला मधुवनी गाविस वडा नं. ३, मनमटेरिया गाउँमा बस्छिन् । २०७१ असार ८ गतेका दिन उनलाई सार्वजनिक धारा प्रयोग गरेको भनी विपट केवट र फुला केवटले निर्घात रूपमा कुटपिट गरे ।



आफू अन्यायमा परेको भनी उनले २०७१ असार ९ गतेका दिन विपट केवट र फुला केवट विरुद्ध जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दर्ता गरिन् । प्रहरी कार्यालयले सजिलैसँग उजुरी दर्ता गऱ्यो । भोलिपल्टै विपट केवट र फुला केवटलाई प्रहरीले नियन्त्रणमा लियो । घटनाको अनुसन्धान र कारबाही अगाडि बढायो । २०७१ साउन १ गतेका दिन जिल्ला सरकारी वकिलले निजहरूलाई हदैसम्मको कैद र जरिवानाको माग गर्दै रुपन्देही जिल्ला अदालतमा मुद्दा दर्ता गरे । अदालतले २०७१ मङ्सिर ९ मा फुला केवटलाई २ हजार र विपट केवटलाई ३ हजार जरिवाना तोक्यो । क्षतिपूर्तिबापत दुवैबाट प्रति व्यक्ति १२ हजार ५ सयका दरले २५ हजार अनारी हरिजनलाई दिने आदेश दियो ।

स्रोत : *Equity watch 2014, Nepal: Access to justic for dalits,* ***SAMATA*** *Foundation, 2015*

माथिको घटनाले जातीय भेदभाव तथा छुवाछुत गर्नेलाई कानुनले छुट नदिने कुरा स्पष्ट गर्छ । जातीय भेदभाव तथा छुवाछुत मानिसले मानिसलाई गर्न नहुने र सामाजिक अपराध हो । यसैलाई अन्त्य गर्न जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ बनाइएको हो। सोही ऐनमा व्यवस्था भएअनुसार नै अनारी हरिजनले न्याय पाइन्। कानुनअनुसार उनले क्षतिपूर्ति पाइन्। विपट केवट र फुला केवटले जातीय विभेद र छुवाछुत गरेबापत कानुनअनुसार सजाय पाए।

अनारी हरिजनले आफूमाथि परेको अन्याय विरुद्ध कानुनको सहायत लिइन्। यसरी नै तपाईं आफू वा अरू कसैलाई परेको जातीय भेदभाव तथा छुवाछुतकाविरुद्धमा आवाज उठाउनुहोस् । अन्याय सहेर नबस्नुहोस् । अन्याय सहनुभयो भने अन्याय गर्नेलाई थप हौसला बढ्छ ।

**जातीय भेदभाव तथा छुवाछुत रहित समाज नै समृद्ध नेपालको आधार हो ।**

## ५. ऐनले अपराध मानेका कार्यहरू

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले कसैले पनि जातीय भेदभाव र छुवाछुत गर्न/गराउन हुँदैन । तलका कार्यहरू गरेका वा गर्न मद्दत र प्रोत्साहन गरेमा ऐनबमोजिम अपराध मानिन्छ :

**कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितीरिवाज, जातजाती, समुदाय, पेसा आदिका आधारमा**

- घर वा गाउँबाट निकाला गर्नु
- निजी वा सार्वजनिक कुनै पनि स्थान प्रवेशमा रोक लगाउनु
- धार्मिक कार्य गर्नबाट वञ्चित गर्नु, गराउनु
- जातकै कारण विवाह विच्छेद गर्नु, गराउनु
- कुनै सार्वजनिक समारोह आयोजना गरेर त्यस्ता समारोहमा उपस्थित हुन बन्देज लगाउनु
- परिवारका कुनै सदस्यलाई घरभित्र जान रोक लगाउनु
- कुनै पेसा, व्यवसाय गर्न रोक लगाउनु
- जातका आधारमा पारिश्रमिकमा फरक गर्नु
- अपमानजनक शब्द, हाउभाउ र व्यवहार झल्काउने खालका श्रव्य दृश्य सामग्रीहरू उत्पादन, प्रकाशन र बिक्री वितरण गर्नु, गराउनु
- सेवा, सुविधा पाउने कुरामा भेदभाव गर्नु
- जातीय भेदभाव तथा छुवाछुत हुने कार्य आफूले गर्नु, अरूलाई गर्न लगाउनु, गर्न सहयोग गर्नु र गर्ने कोसिस गर्नु
- कुनै पेसा, व्यवसाय गर्न बाध्य पार्नु

## ६. उजुरी गर्ने तरिका

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ मा कसैले आफू अन्यायमा परेको ठानेमा उजुरी गर्न पाउने व्यवस्था गरेको छ। अन्यायमा पर्नेले आफू अन्यायमा परेको भनी ३ महिनाभित्र सम्बन्धित निकायमा उजुरी गरिसक्नुपर्ने छ।

सकेसम्म घटना हुने वित्तिकै उजुरी गर्नु राम्रो हुन्छ। उजुरी गर्न ढिलाइ गरेमा दसी प्रमाणहरू नष्ट हुन सक्छन्। उजुरीका लागि आफूलाई पायक पर्ने नजिकको प्रहरी चौकी वा इलाका प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा मौखिक वा लिखित उजुरी दिन सकिन्छ। यसरी गरिने उजुरीलाई जाहेरी दरखास्त भनिन्छ। जाहेरी दरखास्त भन्नाले प्रहरी कार्यालयमा दिने अपराधसँग सम्बन्धित दरखास्त वा सूचना हो।

उजुरी पीडित आफैँले दिन सकिन्छ। घटनालाई हेरेर अरू कसैले पनि उजुरी दिन पाउँछ। आफूले उजुरी दिँदा स्थानीय तहमा आमा समूह, उपभोक्ता समितिहरू, सामाजिक कार्यकर्ता, अधिकार कर्मी, शिक्षक आदिको सहयोग लिन सकिन्छ।



उजुरी दिनका लागि प्रहरी कार्यालयमा जाहेरी दरखास्त फाराम पाइन्छ। फाराम आफैँले वा अरू कसैको सहयोगमा भरेर पेस गर्नुपर्छ। फाराम नभएको अवस्थामा प्रहरीले गरेको सोधपुछका आधारमा जाहेरी दर्ता गरिन्छ।

तपाईंहरूलाई सहयोग पुगोस् भनेर नमुनाका लागि दरखास्त फाराम भरी तल राखिएको छ। खाली फारामको नमुना अनुसूचीमा राखिएको छ। त्यो पनि हेर्नुहोला।

## जाहेरी (उजुरी) दरखास्तको नमुना

प्रहरी कार्यालयले भर्ने
दर्ता नं. :
दर्ता मिति :

श्री इलाका प्रहरी कार्यालय,
पिडा गाविस–५, धादिङ

### दरखास्त

१. दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर र ठेगाना : इन्दिरा विक, पिडा गाविस–५, धादिङ

२. कुन मुद्दा सम्बन्धी अपराधबारे दरखास्त वा सूचना गरेको हो : अन्तरजातीय विवाहको निहुँ पारी इन्दिरा विक र कौशिल्या विकसहित १० घरपरिवार गाउँबाट विस्थापित

३. अपराध गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलिया : रामबहादुर सुवेदी र कृष्णबहादुर सुवेदीलगायता ८ जना

४. अपराध भएको वा भइरहेको वा हुने सम्बन्धित ठाउँ, मिति, समय : पिडा गाविस–५, धादिङ, विक गाउँ, २०६९ जेठ १८ गते, समय : बिहान

५. दरखास्त वा सूचनाको व्यहोरा : अन्तरजातीय विवाह गरेको र गर्न सघाएको निहुँ पारी १० घर परिवारलाई गाउँबाट निकाल गरिएको हुँदा पिडकहरूलाई कानुनबमोजिम सजाय गरी गाउँ फिर्ता गराइपाऊँ।

६. अपराधसँग सम्बन्धित कुनै सबुत प्रमाण भए सो कुरा : पिडकहरूको गाउँ खाली


७. अपराधसँग सम्बन्धित अन्य विवरण : ................................

८. यो दरखास्तको व्यहोरा ठिक साँचो छ। झुटा व्यहोरा लेखेको ठहरे कानुन बमोजिम सहुला, बुझाउला। प्रहारीद्वारा केस तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाको बखत उपस्थित हुनुपर्ने जनाउ पाए सोबमोजिम उपस्थित हुने छु।

दरखास्त वा सूचना दिनेको सही
मिति :

## प्रहरीले उजुरी लिन नमानेमा






नजिकको वडा वा गाविस/नगरपालिकाको कार्यालयमा उजुरी गर्न सकिन्छ । त्यहाँ उजुरी गर्दा प्रहरीले उजुरी लिन नमानेको कुरा पनि खुलाउनुपर्दछ । उजुरी लिन नमानेको कारण खुलाई जिल्ला प्रशासन कार्यालयमा पनि सोझै उजुरी गर्न सकिन्छ । जिल्ला प्रशासन कार्यालयले पनि उजुरी लिन नमानेमा जिल्ला अदालत वा पुनरावेदन अदालत वा सर्वोच्च अदालतमा सोझै उजुरी दिने व्यवस्था

छ। यस्तै राष्ट्रिय दलित आयोगमा पनि सोझै उजुरी दर्ता गर्ने व्यवस्था छ। राष्ट्रिय दलित आयोग समक्ष दिने उजुरीको फारामको नमुना अनुसूचीमा दिइएको छ। जहाँ सुकै उजुरी दिए पनि सम्बन्धित प्रहरीले अनुसन्धान प्रारम्भ गर्छ। त्यस्तो अनुसन्धानमा प्रहरीले घटनास्थल जाने, प्रमाण सङ्कलन गर्ने, प्रत्यक्षदर्शी र आशङ्कितको बयान लिने, मृत्यु भएको भए लास जाँचको अनुरोध गर्ने, आशंकितलाई पक्रने जस्ता कामहरू गर्छ। प्रहरीले अनुसन्धानको प्रतिवेदन सरकारी वकिल समक्ष पेस गर्छ। सरकारी वकिलले जिल्ला अदालतमा अभियोगपत्र दर्ता गर्छ। जिल्ला अदालतले बयान लिने, थुनछेक आदेश दिने, दसी प्रमाणहरू पेस गर्न लगाउने र मुद्दाको फैसला गर्ने काम गर्छ। अदालतको फैसला अनुसार सजाय र क्षेतिपूर्ति दिने काम बढ्छ। फैसला चित्त नबुझे पुनरावेदन अदालत वा सर्वोच्च अदालतमा मुद्दा हाल्न सकिन्छ। सर्वोच्चको फैसला अन्तिम हुन्छ। सरकारी मुद्दा सम्बन्धी प्रक्रिया अनुसूचीमा तालिकाको रुपमा राखिएको छ। त्यसबाट विस्तृत अध्ययन गर्न सक्नुहुन्छ।

**फाराम बुझाउने ठेगाना :**

राष्ट्रिय दलित आयोग
जावलाखेल, ललितपुर, नेपाल
पोस्ट बक्स नं. : १३७५८
फोन नं. : ०१-५५३११४८
फ्याक्स : ०१-५५३३६५०
इमेल : info@rndc.gov.np,
वेभ : www.ndc.gov.np

## उजुरी गर्नेले ध्यान दिनुपर्ने कुराहरू

कसैले आफू अन्यायमा परेको भन्ने लागेमा चाँडोभन्दा चाँडो नजिकको प्रहरी चौकीमा उजुरी दिनुपर्छ । उजुरी निवेदनमा कहाँ, कहिले, कसरी, कोबाट, कसलाई जातीय भेदभाव तथा छुवाछुत भएको हो नछुटाई र नबढाई लेख्नुपर्छ। घटनाबाट भएको पिडा खुलाएर लेख्न छुटाउनु हुँदैन । कसैलाई शारीरिक चोटपटक लागेको र धनमाल नोक्सानी भएको भए सो पनि खुलाएर लेख्नुपर्छ। नेपाल बाहिर कसुर गरेमा पनि ऊ बसोबास गर्ने नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्ने व्यवस्था छ ।



उजुरी गरेपछि छानबिन तथा अनुसन्धान गर्ने काम प्रहरी र सरकारी वकिलको हो । यस्ता मुद्दाहरू सरकार आफैँले हेर्नुपर्ने भएकाले उजुरी गर्नेले कुनै पनि खर्च व्यहोर्नु पर्दैन ।

## १४. सजायको व्यवस्था

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ मा कसुरको प्रकृतिअनुसार चार किसिमका सजायको व्यवस्था गरिएको छ । पहिलो सजायको व्यवस्थामा तल उल्लिखित कसुर गरेमा कसुरदारलाई ३ महिनादेखि ३ वर्षसम्म कैद वा १ हजार रुपियाँदेखि २५ हजार रुपियाँसम्मको जरिवाना वा दुवै सजाय हुन्छ ।

**कसुर**

- कसैलाई जात जातिका आधारमा सार्वजनिक तथा निजी स्थानमा जान रोक लगाउनेलाई
- सार्वजनिक स्थल वा समारोहबाट निकाला गर्नेलाई
- कसैलाई समाजबाट बहिष्कार गर्नेलाई
- कसैलाई सार्वजनिक सेवा प्रयोग गर्ने कुरामा रोक लगाउनेलाई
- कसैलाई सार्वजनिक समारोह आयोजना गर्न रोक लगाउनेलाई
- जातीय भेदभाव तथा छुवाछुत गर्न अरूलाई उक्साउनेलाई
- जातीय भेदभाव तथा छुवाछुत हुँदैछ भन्ने थाहा पाइपाइ त्यस्तो कार्यमा सहभागी हुनेलाई
- कसैलाई कुनै पेसा गर्न बाद्‌य पार्नेलाई
- पेसाका आधारमा कसैलाई धार्मिक कार्य गर्न रोक लगाउनेलाई ।

दोस्रो सजायको व्यवस्थामा तल उल्लिखित कसुरहरू गरेमा कसुरदारलाई १ महिना देखि १ वर्षसम्म कैद वा ४ सय रुपियाँदेखि १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।

**कसुर**

- जात जातिका आधारमा कसैलाई कुनै वस्तु वा साधन बेचबिखन गर्न रोक लगाउनेलाई
- खास जात जातिलाई मात्रै कुनै उत्पादनका साधन बेच बिखन गर्ने/गराउनेलाई
- परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र पस्न नदिने, घर र गाउँबाट निकाल्ने कार्य गर्ने/गराउनेलाई
- उमेर पुगेका केटाकेटीले अन्तरजातीय विवाह गरेमा जात जाति, समुदायका आधारमा त्यस्तो विवाह हुन रोक लगाउने, विवाह विच्छेद गर्ने/गराउने र यस्ता जोडीबाट जन्मेका सन्तानको जन्मदर्ता नगर्ने/नगराउनेलाई
- जात जातिका आधारमा भेदभाव झल्कने, जात जातिका आधारमा गाली गालौज हुने प्रकारका कुनै पनि सामग्री प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने/गराउनेलाई
- कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन नमान्ने, श्रमबाट निकाल्ने वा ज्यालामा भेदभाव गर्ने/गराउनेलाई
- जात जातिका आधारमा कसैलाई कुनै पेसा गर्न बाद्‍य पार्नेलाई
- जातजाति र पेसाका आधारमा कसैलाई धार्मिक कार्यमा रोक लगाउनेलाई ।

तेस्रो सजायको व्यवस्थामा सरकारी कर्मचारी वा स्थानीय निकायका प्रतिनिधिहरूले माथि भनिएका कसुरहरू गरेमा उनीहरूलाई अरूलाई भन्दा ५० प्रतिशत थप (डेढी) सजाय हुन्छ ।

सार्वजनिक पद धारण गरेको व्यक्तिले उपदफा (१) बमोजिम गरेको कसुर

→

**सजाय :**

माथि उल्लिखितमध्ये कुन सजाय हुने अपराध गरेको हो भने त्यसको पचास प्रतिशत थप सजाय

चौथो सजायको व्यवस्थामा जातीय भेदभाव वा छुवाछुत गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने, कसुरका सम्बन्धमा काम गर्ने वा गराउने व्यक्तिको हकमा मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुन्छ ।

जातीय भेदभाव वा छुवाछुत गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने, कसुरमा सहयोग गर्ने व्यक्ति

→

**सजाय**

मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय

# अदालतको निर्णयको एक उदाहरण

## अपशब्द र दुर्व्यवहार

### घटनाको विवरण

डोटी जिल्लाको टोलेनी गाविस ६, सानी गाउँको लिटल स्टार विद्यार्थी निकेतनमा दलित समुदायका योगेन्द्रकुमार भुलले पढाउने । २०६९ असोज २९ गतेका दिन विद्यालय व्यवस्थापन समितिको बैठक थियो । बैठक चलिरहेका बेला दुई जना गैर दलित समुदायका भीमबहादुर बोगटी र गोरखबहादुर बोगटीले जातका आधारमा शिक्षक योगेन्द्रकुमार भुललाई “तँ डुमले उच्च जातका बालबालिकालाई पढाउन हुन्न, तँ यो विद्यालयबाट बाहिर निस्कनुपर्छ।” भनी अपशब्द प्रयोग गरी गाली गरे।

### उजुरी दर्ता

योगेन्द्रकुमार भुलले जिल्ला प्रहरी कार्यालयमा २०६९ कात्तिक ३ गते उजुरी दर्ता गरे। कुनै बाधा अड्चनबिना जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता भयो। उजुरी दर्ता हुने वित्तिकै तुरुन्तै कारबाही अगाडि बढ्यो। प्रहरीले पिडकलाई नियन्त्रणमा लियो। एक महिनाको अवधिपछि प्रहरीले अनुसन्धान पुरा गऱ्यो। मुद्दा जिल्ला सरकारी वकिल कार्यालयमा जिम्मा लगायो।

### अदालतमा मुद्दा दर्ता

जिल्ला सरकारी वकिलले डोटी जिल्ला अदालतमा २०६९ मङ्सिर ५ गते मुद्दा दर्ता गरे। मुद्दामा ऐन नियम अनुसार हद सम्मको जरिवाना, क्षतिपूर्ति र कैदको माग गरियो।

### न्यायिक बहस

बहसका क्रममा जिल्ला अदालतले उजुरी दर्ता भएकै दिन धरौटी स्वरूप रु. ७५ हजार लिई पिडकलाई रिहा गऱ्यो र बहस अगाडि बढायो । बहसकै क्रममा अदालतले पीडित पक्षका दुई जना साक्षीको बयान लियो र प्रक्रियालाई निरन्तरता दियो।

### अदालतको निर्णय र आदेश

बहस पश्चात अदालतले २०६९ फागुन २१ गते निर्णय सुनायो। निर्णयमा जरिवना स्वरूप प्रति व्यक्ति रु. २५ हजार र क्षतिपूर्ति वापत १२ हजार ५ सय प्रति व्यक्ति लिने निर्णय सुनायो।

स्रोत : *Equity watch 2014, Nepal: Access to justic for dalits,* ***SAMATA*** *Foundation, 2015*

## १५. क्षतिपूर्तिको व्यवस्था

जातिय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ ले पीडितलाई क्षतिपूर्तिको समेत व्यवस्था गरेको छ ।

यदि कसैले जातीय भेदभाव तथा छुवाछुतको कसुर गरेको अदालतबाट ठहर भएमा

यदि अपराध हुँदाको बखत पीडितलाई आर्थिक एवम् शारीरिक रुपमा हानि नोक्सानी भएको रहेछ भने क्षतिको मात्राअनुसार अदालतले खर्च भराइदिन सक्छ ।

त्यस्तो कसुर गर्ने कसुरदारबाट सम्बन्धित पीडितलाई २५ हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म क्षतिपूर्ति अदालतले भराइदिन सक्छ ।

### अन्तरजातीय विवाह : सजाय र क्षतिपूर्ति

गोरखा जिल्ला, लापु गाविस, वडा नं. ८ बस्ने जितबहादुर सुनार (दलित केटा) ले सुनिता गुरुङ (जनजाति केटी) सँग अन्तरजातीय विवाह गरे । उनीहरूको अन्तरजातीय विवाहलाई निहुँ बनाएर केटी पक्षका नातेदारहरूले जितबहादुरलाई नियन्त्रणमा लिए । दलित भएर उच्च जातको केटीसँग विवाह गरेको भनि उनीहरूले जितबहादुरलाई रु. १ लाख जरिवाना गरे ।

जितबहादुरले आफू अन्यायमा परेको भनी जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ अनुसार केटी पक्षका तिन जनाविरुद्ध प्रहरी कार्यालयमा उजुरी गरे । प्रहरी कार्यालयले सजिलैसँग उजुरी दर्ता गऱ्यो । पिडकहरूमध्ये दुई जना बेपत्ता भए । एक जनालाई नियन्त्रणमा लिई प्रहरीले अनुसन्धान अगाडि बढायो ।

प्रहरीको अनुसन्धानपछि जिल्ला अदालत गोरखामा मुद्दा दर्ता भयो । अदालतको सुनवाइअनुसार नियन्त्रणमा भएको व्यक्तिसँग १० हजार धरौटी लिई छाडिदियो ।

जिल्ला अदालतले ती कसुरदार ३ जनाबाट जनही १० हजार लियो । पिडक जितबहादुर सुनुवारलाई क्षतिपूर्तिबापत २५ हजार दिलायो । जितबहादुरसँग केटी पक्षले जरिवाना गराएको १ लाख रुपैयाँ पनि फिर्ता गरायो ।

स्रोत : *Equity watch 2014, Nepal: Access to justic for dalits*, **SAMATA** Foundation, 2015

**पीडितले न्यायका लागि लड्दा नै अन्याय गर्नेहरूको उत्साह घट्छ ।**

अनुसूची– १

## जाहेरी (उजुरी) दरखास्तको ढाँचा

प्रहरी कार्यालयले भर्ने
दर्ता नं. :
दार्ता मिति :

श्री .................................. मा चढाएको
प्रहरी कार्यालयको नाम र ठेगाना

## दरखास्त

१. दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर र ठेगाना : ..................................

२. कुन मुद्दा सम्बन्धी अपराधबारे दरखास्त वा सूचना गरेको हो : .................................

३. अपराध गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलिया : ..................................

४. अपराध भएको वा भइरहेको वा हुने सम्बन्धित ठाउँ, मिति, समय : ..............................

५. दरखास्त वा सूचनाको व्यहोरा : ..................................

६. अपराधसँग सम्बन्धित कुनै सबुत प्रमाण भए सो कुरा : ..................................

७. अपराधसाग सम्बन्धित अन्य विवरण : ..................................

८. यो दरखास्तको व्यहोरा ठिक साँचो छ। झुटा व्यहोरा लेखेको ठहरे कानुन बमोजिम सहुला, बुझाउँला। प्रहारीद्वारा केस तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाको बखत उपस्थित हुनुपर्ने जनाउ पाए सोबमोजिम उपस्थित हुने छु।

दरखास्त वा सूचना दिनेको सही
मिति :

अनुसूची – २

## नेपाल सरकार
## राष्ट्रिय दलित आयोग
## उजुरी फारामको ढाँचा

१. पीडितको विवरण :

(क) नाम : ..................................................................

(ख) बाबुको नाम : ..................................................................

(ग) आमाको नाम : ..................................................................

(घ) ठेगाना :

स्थायी ठेगाना (जिल्ला/नपा/गापा), वडा नं ........... गाउँ/टोल .............................

टेलिफोन नम्बर : .............................

हालको ठेगाना : (जिल्ला/नपा/गापा), वडा नं ......... गाउँ/टोल .............................

टेलिफोन नम्बर : .............. मोबाइल नम्बर : ............. इमेल : .........................

(ङ) लिङ्ग : पुरुष .......... महिला ........... तेस्रो लिङ्गी ...........

(च) वैवाहिक स्थिति :

विवाहित ........ अविवाहित ......... एकल ........ पारपाचुके ...... छुट्टिएर बसेको .........

(छ) राष्ट्रियता ........................ (ज) उमेर : ........................

(झ) पेसा : ........................ (ञ) जाति : ........................

(ट) बोलिचालीको भाषा : ..................................

(ठ) धर्म : ........................ (ड) शिक्षा : ..................................

(ढ) अपाङ्गता : छ ......... छैन ..........(यदि छ भने खुलाउनुहोस् ।) ...............................

(ण) सङ्घ/संस्था/सङ्गठनको सदस्यता : (ऐच्छिक) ................................................

२. उजुरीकर्ताको विवरण (यदि उजुरीकर्ता पीडित होइन भने) :

(क) नाम/सङ्घ/संस्था/सङ्गठन : ........................................................................

(ख) पुरा ठेगाना : ........................

(ग) टेलिफोन : ................................................ इमेल : .......................................

(घ) पीडितसँगको नाता / सम्बन्ध : ........................... बोलिचालीको भाषा ........................

३. आरोपित पिडकको विवरण (यदि तपाईँ चिन्नुहुन्छ भने)

(क) आरोपित पिडकको नाम : ................................................

(ख) सङ्घ/संस्था/सङ्गठन/कार्यालय : ....................................................................

(ग) पद/दर्जा : ......................................................................

(घ) सम्पर्क ठेगाना ..................................................

(ङ) टेलिफोन : ......................... इमेल : ..................................................

(च) यदि पिडकलाई चिन्नु हुन्छ भने पिडकको पहिचानका चिह्न तथा विवरणहरू (जस्तै : लुगा, हुलिया, हतियारका प्रकार आदि खुलाउनुहोस् : ........................................................

४. उजुरीको विस्तृत विवरण :

(क) घटनाको मिति र समय : .......................... (ख) घटना भएको स्थान : ..........................

(ग) घटनाको प्रकार : .......................................................

(घ) कृपया कसरी घटना भयो र सो घटनाले कस्तो असर पार्‍यो, विस्तृत रूपमा लेख्नुहोस् । (तपाईँको विवरण यसमा नअटाएमा पाना थप्न सक्नुहुने छ) : .........................

(ङ) के उक्त घटनाबाट तपाईँ विस्थापित हुनुभएको छ ? (कुनै एकमा रेजा लगाउनुहोस् ।)

छ .......... छैन ..........

(च) के तपाईँले उक्त घटनाका सम्बन्धमा कुनै निकाय/सङ्घ/संस्था/सङ्गठन, अदालत, प्रहरी, नेपाल सरकार, रेडक्रस, गैरसरकारी संस्था आदिमा उजुरी गर्नुभएको छ ? छ ............ छैन ........... (यदि छ भने कहाँ गर्नुभएको छ सो सम्बन्धमा के भइरहको छ उल्लेख गर्नुहोस् ।)

५. अन्य उजुरीसँग सम्बद्ध प्रमाणहरू :

(क) के यो घटनाका कुनै साक्षी छन् ? छन् ........ छैनन् ........ (कृपया एकभन्दा बढी साक्षी भएमा पाना थप्नुहोस् ।)

साक्षीको नाम : .........................   ठेगाना : .........................

कस्तो किसिमको सम्भावित सूचना साक्षीले दिन सक्छ : खुलाउनुहोस् .........................

(ख) उजुरीलाई सहयोग पुर्‍याउने कागज वा दसी प्रमाण यदि छन् भने के के छन् ?

१. .................. २. ............... ३. ................... ४. ..................

(ग) कुन कुन प्रमाणहरू उजुरी सँगसँगै राखिएका छन् खुलाउनुहोस् :

१. .................. २. ............... ३. ................... ४. ..................

६. माग गरेको उपचार

(क) तपाईँ आयोगसँग कस्तो प्रकारको उपचार माग्नुहुन्छ ? ........................

७. मलाई थाहा भएसम्म यसमा लेखिएको व्यहोरा ठिक साँचो हो ।

हस्ताक्षर ........................

नाम : ........................   मिति : .........................

सन्दर्भ सामग्री :


१. राष्ट्रिय दलित आयोगको प्रतिवेदन २०६७/०६८ र २०७०/०७१

२. स्थानीय सन्दर्भमा स्थानीय निकायको बजेट सम्बन्धी सोधखोज, दलित गैरसरकारी संस्था महासङ्घ

३. जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ को प्रभावकारी कार्यान्वयनका लागि सहयोगी स्रोत पुस्तिका, दलित गैसस महासङ्घ

४. नेपालको संविधा २०७२, नेपाल कानुन आयोग

५. मुलुकी ऐन, पछिल्लो संसोधनसहित, नेपाल कानुन आयोग

६. जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८, नेपाल कानुन आयोग

७. तेरौँ योजना, राष्ट्रिय योजना आयोग

८. स्थानीय स्वायत्त शासन ऐन, २०५५ पछिल्लो संसोधनसहित, नेपाल कानुन आयोग

९. स्थानीय स्वायत्त शासन नियमावली, २०५६ पछिल्लो संसोधन सहित, नेपाल कानुन आयोग

१०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६, नेपाल कानुन आयोग

११. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९, नेपाल कानुन आयोग

## नेपालमा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐ
## सरकारी मुद्दा सम्बन्धी ऐन, सरकारी मुद्दा सम्बन्धी निय





* जाहेरी दर्खास्त भन्नाले कुनै अपराधको सम्बन्धमा प्रहरी कार्यालयमा दिने दर्खास्त वा सूचना हो ।

*** प्रतिवादीको बयान लिइएको मितिले ९० दिन भित्र

** तिन

**** सुरु

न, २०६८ तथा फौजदारी कार्यविधि सम्बन्धी ऐनहरू जस्तो
मावली तथा संक्षिप्त कार्यविधि ऐनमा आधारित कदमहरू




ाको हदम्याद घटना भएको दिनबाट सुरु भई सरकारी वकिलले जिल्ला अदालतमा अभियोग पत्र दर्ता गरेसम्मको अवधि हो।
ा छिनेको मिसिल प्राप्त भएको ९० दिनभित्र